**प्रदेश लोक सेवा आयोग**
**लुम्बिनी प्रदेश**
**प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पाठ्यक्रमको रुपरेखाः– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छः**

| | | |
|---|---|---|
| प्रथम चरण :– | लिखित परीक्षा | पूर्णाङ्क :– १०० |
| द्वितीय चरण :– | अन्तर्वार्ता | पूर्णाङ्क :– २० |

**प्रथम चरण–लिखित परीक्षा योजना** (Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (Multiple Choice) | ५० प्रश्न x २ अङ्क = १०० | ४५ मिनेट |

**द्वितीय चरण**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**द्रष्टव्यः**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. लिखित परीक्षामा यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| पाठ्यक्रमका एकाइ | **१** | **२** | **३** | **४** |
|---|---|---|---|---|
| प्रश्न संख्या | १४ | १२ | १२ | १२ |

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको विज्ञापन हुदाँका वखत (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झन पर्दछ ।

५. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

६. पाठ्यक्रम लागू मिति :-

प्रदेश लोक सेवा आयोग

**प्रदेश लोक सेवा आयोग**

**लुम्बिनी प्रदेश**

**प्रदेश कृषि सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**पत्र/ विषय :– सेवा सम्वन्धी**

१. **कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धी विषय**

१.१ नेपालको संविधानमा कृषि तथा खाद्य सम्वन्धी व्यवस्था

१.२ निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० मा कर्मचारीको आचरण, विदा र सजाय सम्वन्धी व्यवस्था

१.३ जलचर संरक्षण ऐन, २०१७

१.४ लुम्बिनी प्रदेशको दाना पदार्थ ऐन, २०७६ र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७६

१.५ प्रदेशको कृषि/पशुपंक्षी/मत्स्य क्षेत्रको संस्थागत संरचना तथा भूमिका

१.६ नेपालमा पशुपंक्षी तथा मत्स्य पालनको संक्षिप्त इतिहास तथा वर्तमान अवस्था

१.७ प्रदेशको चालु आवधिक योजनामा पशुपंक्षी तथा मत्स्य विकासको उद्देश्य, नीति तथा मत्स्य र पशुपंक्षी क्षेत्रगत विकास कार्यक्रमको प्राथमिकता, लक्ष्य एंव कार्यान्वयन रणनीति

१.८ नेपालको अर्थतन्त्रमा पशुपंक्षी तथा मत्स्य विकासको महत्व

१.९ पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम तर्जुमा आधार र एकीकृत प्रसार सेवा कार्यक्रम

१.१० पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रममा कर्जा, बिमा, उत्पादन सामग्री, औजार तथा उपकरण, प्रविधि बजार तथा मूल्य व्यवस्था

१.११ पशुपंक्षी तथा मत्स्यजन्य वस्तुहरुको उत्पादन लागत, मूल्य निर्धारण तथा मूल्य श्रृङ्खला

१.१२ पशुपंक्षी तथा मत्स्य विकासमा सरकारी, सहकारी तथा निजी क्षेत्रको भूमिका

१.१३ पशुपंक्षी तथा मत्स्यको दिगो एवं व्यवसायिक उत्पादन वृद्धिको लागि अपनाइने उत्पादन र उत्पादनोपरान्त post – harvest प्रविधि

१.१४ कृषि विकासमा कृषि/पशु सेवा प्रसारको पद्धति, महत्व, सीमितता र प्रभावकारीता

१.१५ कृषि/पशुपंक्षी/मत्स्य प्रसारका विभिन्न तरिकाहरु र तिनको तुलनात्मक फाइदा र सीमितता

१.१७.१. व्यक्तिगत तरिका (Individual method)

१.१७.२. समुहगत तरिका (Group method)

१.१७.३. सामुदायिक तरिका (Community method)

१.१६ कृषि/पशुपंक्षी/मत्स्य विकासमा समुह पद्धती प्रकृया र कार्यान्वियन, अगुवा कृषक र हरित स्वयंसेवक छनौटको आधार, भूमिका र परिचालन

१.१७ कृषि/पशुपंक्षी/मत्स्य विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वनमा स्थानीय तहमा प्रोफाइलको महत्व तथा कार्यक्रममा कार्यान्वन स्तरमा सुपरिवेक्षण अनुगमन एवं मूल्याँकनको भूमिका

१.१८ नेपालको पशुपंक्षी/मत्स्य विकासका कार्यक्रमका प्रमुख समस्याहरु

१.१९ कृषि/पशुपंक्षी/ मत्स्य विकासका लागि तालिम तथा संचार कार्यक्रमको भूमिका

१.२० कृषि/पशुपंक्षी/मत्स्य विकास कार्यक्रममा स्थानीय निकायको भुमिका

१.२१ कृषि विकासमा ग्रामिण पूर्वाधार सिँचाई, कृषि सडक आदिको महत्व

१.२२ दिगो कृषि विकासका सिद्धान्तहरु

१.२३ कृषि, पशुपन्छी र मत्स्य क्षेत्रको तथ्यांक संकलन, व्यवस्थापन र विश्लेषण

१.२४ कृषि, पशुपन्छी र मत्स्य पालन व्यवसायमा सूचना प्रविधिको प्रयोगबारे आधारभूत जानकारी

२. **भेटेरीनरी**

२.१ आन्तरिक परजीवी (Internal Parasite): नाम्ले जुका (Liverfluke), गोलो जुका (Round Worm), फिते जुका (Tape Worm), कक्सिडियोसिस र (Coccidiosis), रक्त परिजीवि (Blood protozoan diseases) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.२ वाह्य परजीवी (External Parasite): किर्ना (Tick), जुम्रा (Lice), उपियाँ (Fleas) तथा लुतो (Mange) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.३ प्रमुख ब्याक्टेरियल रोगहरु (Bacterial Diseases) : भ्यागुते रोग (Haemorrhagic Septicaemia), पटके रोग (Anthrax), चरचरे रोग (Black-Quarter), इन्टेरोटोसेमिया (Entertoxemia), थुनेलो (Mastitis), क्षयरोग र जोन्स रोग (Tuberculosis & John's Disease), काफ स्कोर र कोलिव्यासिलोसिस (Calf Scour & Colibacillosis), फाउल टाइफाइड (Fowl typhoid), कुखुराको हैजा (Fowl Cholera), पुल्लोरम (Pullorum),

खुर कुहिने रोग (Foot Rot), ब्रुसेलोसिस (Brucellosis) तथा माइकोप्लाज्मोसिस (Mycoplasmosis) का लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.४ प्रमुख भाइरल रोगहरु (Viral Diseases) : गौगोटी (Rinderpest), पि.पि.आर (PPR), एभियन ईन्फ्लुएन्जा (Avian Influenza), एभियन लिम्फोइड ल्युकोसिस (Avian lymphoied leucosis), खोरेत (Foot & Mouth Disease), रेविज (Rabies), स्वाईन फिभर (Swine Fever), कुखुराको विफर (Fowl Pox), गम्बोरो (Gumboro), रानीखेत (Ranikhet) तथा म्यारेक्स रोग (Mareks Disease) का लक्षण, निदान, उपचार तथा रोकथामः

२.५ प्रजनन सम्बन्धी (Reproductive Disorders) विकृति तथा समस्याहरुका कारण, लक्षण, उपचार तथा रोकथाम
- २.५.१. साल नझर्ने (Retention of Placenta)
- २.५.२. तुहिने (Abortion)
- २.५.३. डिस्टोकिया (Dystokia)
- २.५.४. संक्रामक रोगहरुबाट हुने बाँझोपन
- २.५.५. पौष्टिक तत्वहरुको कमी बाट हुने बाँझोपन

२.६ जुनोटिक रोगहरु (Zonotic diseases) : Milk borne diseases र Meat borne diseases

२.७ पशुपंक्षीमा भिटामिन र मिनरलको कमि बाट हुने रोगहरु (Vitamins and mineral deficiency Diseases)

२.८ गाइ भैंसीका मेटाबोलिक रोगहरु (Metabolic diseases of Cattle and Buffaloes) : Milk fever, Ketosis र Downers cow syndrome

२.९ ढुसि तथा ढुसि जन्य पर्दाथबाट हुने रोगहरु (Fungal and mycotoxic diseases)

२.१० आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु

## ३. लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

३.१ निम्न गाई भैंसीका नश्लहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
- ३.१.१ उन्नत गाई : जर्सी, होलिस्टन फ्रिजियन, ब्राउन स्वीस, हरियाना
- ३.१.२ स्थानीय गाई : अच्छामी, लुलु, खैला र चौरी
- ३.१.३ उन्नत भैसी : मुर्रा, नीली राभी भैंसी
- ३.१.४ स्थानीय भैसी : लिमे, पारकोटे र गड्डी

३.२ निम्न उन्नत तथा स्थानीय बाखाका नश्लहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
- ३.२.१ जमुनापारी, वोयर, बारबरी, सानन्, च्याँग्रा, सिन्हाल, खरी (पहाडी), तराई बाखा

३.३ निम्न उन्नत तथा स्थानीय भेडाका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
- ३.३.१ उन्नत नश्ल : रामबुलेट, पोलवर्थ, वोर्डरलाइसेयटर, रोमनी, मेरिनो
- ३.३.२ स्थानीय नश्ल : भ्याग्लुङ्ग, बरुवाल, कागे, लामपुच्छ्रे

३.४ निम्न उन्नत तथा स्थानीय सुंगुरका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु
- ३.४.१ उन्नत जात : ल्याण्डरेस, योर्कशायर, ह्याम्पशायर, ड्युरक
- ३.४.२ स्थानीय जात : च्वाँचे र हुर्राका शारीरिक तथा उत्पादन विशेषताहरु

३.५ उन्नत जातका कुखुराहरु न्यू हेम्पशायर, अष्ट्रालोर्प, व्हाईट लेगहर्न, गिरीराज, कडकनाथ तथा स्थानीय जातको कुखुरा साकिनी र घाँटी खुइलेको शारीरिक तथा उत्पादन विशेषताहरु

३.६ खरायो : ऊन तथा मासुको लागि पालिने खरायोका जातहरु र तिनीहरुको विशेषता

३.७ पशुपंक्षी प्रजनन्का लागि छनौट तथा प्रजनन् विधि

३.८ भाले खोजेको पोथीको लक्षण तथा प्रजनन् गराउने उपयुक्त समय

३.९ कृत्रिम गर्भाधान विधि, पशु प्रजनन्को महत्व, कृत्रिम गर्भाधान कार्यमा उपयोग हुने उपकरणहरुको नाम तथा प्रयोग विधि, Estrus Cycle, प्रजनन्संग सम्बन्धित गाई भैंसीको शरीरबाट निस्कने हरमोन बारे जानकारी

३.१० पौष्टिक तत्वहरुको वर्गीकरण : कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन र खनिज पदार्थ तथा प्रत्येकको तत्वका गुणहरु

३.११ पशुपंक्षीहरुको लागि संतुलित दाना तयार गर्ने विधि

३.१२ घाँसपात संरक्षण : घाँस सुकाउने विधि (Hay), सायलेज बनाउने विधि, महत्व र गुणहरु

३.१३ परालमा युरिया प्रयोग गर्ने विधि र उपयोगिता

प्रदेश लोक सेवा आयोग

३.१४ उन्नत चरन घाँस तथा घाँस खेती तरीका
३.१५ कोसे घाँस (Leguminous): स्टाइलो, बरसिम, कुड्जु, सिराट्रो
- सेन्ट्रो, बोडी (Cowpea), व्हाइट क्लोभर, रेडक्लोभर, कोटे, लुसर्न
- डेस्मोडियम, केराउ, भेच, ज्वाइन भेच

३.१६ घाँस :-नेपियर, पारा, सेटारिया, किकियु, राइग्रास, कक्सफुट, जै, मलाटो, पासपलङ, सम्भासेक्टेरिया
३.१७ डाले घाँस :-इपिल इपिल, वडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, पैयू, बकेना, निभारो, भिमसेनपाती, बैंस, भोटेपिपल, बाँस, राइ खनियो, भटमासे
३.१८ प्रचलित तथा उन्नत व्यवस्था अनुसार पशुपंक्षीको गोठ र खोर बनाउन ध्यान दिनुपर्ने आधारहरु (गाई, भैंसी, बाख्रा, भेडा, सुंगुर, कुखुरा, खरायो)
३.१९ विभिन्न पशुपंक्षीको भाले, माउ तथा बच्चाको स्याहार सुसार तथा आहाराको व्यवस्था
३.२० पशुपंक्षीको गोठ, खोर सफासुग्घर राख्ने र जैविक सुरक्षा (Bio-security) विधि
३.२१ दुग्ध प्रशोधन र क्रिम सेपेरेसन गर्ने विधि
३.२२ क्रिम, बटर, चिज, कुरौनी, घीउ, आइसक्रिम, दही, पनीर र छुर्पी बनाउने विधि

**४. फिसरिज**

४.१ माछाको वाह्य स्वरुप (External morphology) र विभिन्न अङ्गहरुको क्रियाप्रणाली
४.२ माछाको भित्रि अङ्गहरुको वनावट र अङ्गहरुको क्रियाप्रणाली
४.३ नेपालको मत्स्यपालनमा रहेका स्वदेशी तथा विदेशी माछाका प्रजातिहरुबारे जानकारी
४.४ मत्स्य पालनका विभिन्न प्रणालीहरु : मोनोकल्चर, पोलिकल्चर र एकीकृत मत्स्य पालन
४.५ मत्स्यपालन फार्म निर्माणको लागि आवश्यक पूर्वाधार, स्थल छनौट, डिजाइन तथा इस्टिमेट
४.६ पुराना तथा नयाँ पोखरीमा माछा पालन गर्ने तरिका, समस्या तथा समाधानका उपायहरु
४.७ मत्स्यपालन व्यवसायमा विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने पोखरीहरु (माउ माछा पोखरी, खाने माछा पोखरी, नर्सिङ्ग र रियरिङ्ग पोखरी) को प्रयोग तथा व्यवस्थापन
४.८ मत्स्यपालन व्यवसायका लागि पानीको भौतिक, रसायनिक र जैविक गुणहरु तथा त्यसको जाँच
४.९ माउ माछाको गुणहरु, छनौट प्रक्रिया, स्टकिङ्ग र व्यवस्थापन तरिका
४.१० माछा प्रजनन् बारे जानकारी
    ४.१०.१ प्राकृतिक प्रजननको तयारी र प्रजनन तरिका
    ४.१०.२ कृत्रिम प्रजनन तयारी, आवश्यक विभिन्न हर्मोनहरुबारे जानकारी र प्रजनन तरिका
४.११ कृत्रिम मत्स्य प्रजननका लागि आवश्यक ह्याचरीका पूर्वाधारहरु, त्यसको निर्माण र प्रयोग
४.१२ मत्स्य विज उत्पादन - भुसुना भुरा (ह्याचलिङ्ग), सानो भुरा (फ्राइ), ठुलो भुरा (फिंगरलिङ्ग) तथा एक वर्षिय भुरा उत्पादन प्रविधि
४.१३ विभिन्न साइजका माछा ढुवानी गर्ने तरिकाहरु
४.१४ खाने माछा उत्पादनको व्यवस्थापन र प्रविधि
४.१५ माछाको लागि आवश्यक पौष्टिक तत्व तथा मत्स्य पालनका लागि प्राकृतिक तथा कृत्रिम आहार बारे जानकारी तथा व्यवस्थापन
४.१६ माछा उत्पादन पद्धतीहरु - सामान्य पद्धती, उन्नत पद्धती र सघन पद्धती
४.१७ प्राकृतिक जलाशयमा मत्स्य पालन - पिंजडामा मत्स्य पालन, इन्क्लोजरमा मत्स्य पालन, घोलमा मत्स्य पालन प्रविधि, वायोफ्लक माछापालन
४.१८ चिसो पानीमा मत्स्य पालन पद्धती र तरिकाहरु
४.१९ माछा मार्न, समात्ने विभिन्न साधन तथा उपकरणहरु र त्यसको प्रयोग गर्ने तरिका
४.२० माछामा लाग्ने विभिन्न रोग तथा परजिविहरुको प्रमुख लक्षण, रोग निदान, उपचार र रोकथाम
४.२१ माछामा पोष्टिक तत्वको कमिले हुने रोगहरु र नियन्त्रणका उपायहरु
४.२२ पानीमा घुलित अक्सिजनको कमीबाट हुने प्रमुख समस्याहरु र व्यवस्थापन
४.२३ माछा संरक्षण (Preservation) तथा प्रशोधन (Processing) प्रविधि
४.२४ मत्स्य पालनमा जैविक सुरक्षा (Bio-security) को महत्व
४.२५ जलीय किरा र तिनको व्यवस्थापन

*******